निर्देशिका संख्या १

# हिमाली गाउँपालिकाको
# गाउँपालिका उच्च शिक्षा छात्रबृत्ती कोष वितरण तथा परिचालन निर्देशिका
# २०७४

गाउँ सभाबाट स्वीकृत मिति :

**हिमाली गाउँपालिका**
**धुलाचौर ,बाजुरा**
**सुदूरपश्चिम प्रदेश नेपाल**

प्रस्तावना :

नेपालको संविधान २०७२ (अनुसुचि ८) बाट प्रदत्त स्थानीयतहका अधिकारहरुको प्रयोग गर्दै हिमाली गाउँपालिकाको शैक्षिक अवस्थालाई सुधार गर्न तथा उच्चशिक्षा अध्ययनमा उत्प्रेरणा जगाउन गाउँपालिका क्षेत्र भित्रका गरीब तथा जेहन्दार छात्रछात्राहरुका लागि छात्रबृत्तिको व्यवस्था गर्ने भन्ने गाउँपालिकाको गाउँ सभाबाट पारीत निती तथा कार्यक्रम अनुरुप स्थापना हुने छात्रबृत्ती कोषलाई व्यवस्थीत,पारदर्शिता,निश्पक्ष तथा उपयुक्त किसिमले वितरण हुने गरी यो निर्देशिका तयार पारिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : क) हिमाली गाउँपालिकाको छात्रबृत्ती कोष वितरण तथा परिचालन निर्देशिका २०७४ रहनेछ ।

ख)यो निर्देशिका गाउँकार्यपालिकाले स्वीकृत गरेपछि तत्काल लागु हुनेछ ।

२.परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) छनौट समिती भन्नाले – छात्रबृत्ति कोष वितरण गर्न बनेको समिति सम्झनु पर्छ ।

ख) कोष भन्नाले – गाउँ सभाबाट पारित गरि गरीब तथा जेहन्दार छात्रछात्राहरुको लागि स्थापना गरेको कोष सम्झनु पर्छ ।

ग)उच्चशिक्षा भन्नाले माध्यामिक शिक्षा पास गरिसकेपछि सो भन्दा माथिल्लो कक्षा अध्ययनलाई सम्झनुपर्छ

घ) छात्रबृत्ति भन्नाले – जेहन्दार छात्रछात्राहरुलाई अध्ययनका लागि गरिने सहयोग सम्झनु पर्छ ।

ङ) गाउँपालिका भन्नाले –हिमाली गाउँपालिका सम्झनुपर्छ ।

च) गरिब तथा जेहेन्दार भन्नाले – आर्थिक रुपमा कमजोर र पढाईमा अब्बल विद्यार्थी सम्झनुपर्छ ।

छ) समिति भन्नाले – छात्रबृत्ती कोष परिचालन समितीलाई सम्झनु पर्छ ।

ज) संयोजक भन्नाले – छात्रबृत्ति कोष वितरण तथा परिचालन समिति सम्झनु पर्छ ।

झ) सदस्य भन्नाले – छात्रबृत्ति कोष वितरण तथा परिचालन समितिको सदस्य सम्झनु पर्छ

ञ) सदस्य सचिव भन्नाले – छात्रबृत्ती कोष वितरण तथा परिचालन समितिको सदस्य सचिव सम्झनु पर्छ।

## परिच्छेद २
## छात्रबृत्ती कोष वितरण तथा परिचालन समिति गठन र समितिको काम,कर्तव्य र अधिकार

१.छात्रबृत्ती कोष वितरण तथा परिचालन समिती निम्नानुसार रहनेछ :

क) संयोजक – गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य मध्येबाट एकजना ।

ख) सदस्य – प्रमुख प्रशासकीय अधिकृत

ग) सदस्य सचिब– शिक्षा शाखा प्रमुख

२.समितिको काम, कर्तव्य तथा अधिकार :

क) आवश्यकता अनुसार छनौट परीक्षा संचालन गर्ने ।

ख) आवश्यकता अनुसार परीक्षाका लागि प्रश्नपत्र तयार गर्ने ।

ग) परीक्षा सम्बन्धी अन्य कार्यहरु गर्ने ।

घ) मुल्याकन गर्ने ।

ङ) छनौटका लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

## परिच्छेद ३
## छात्रबृत्ती वितरण सम्बन्धी प्रावधान

१. बिज्ञान समूह,व्यवस्थापन समूह ,मानविकी समूह र शिक्षा समूहको हकमा स्नातक वा सो भन्दामाथि अध्ययन गर्ने हुनुपर्नेछ । साथै मानविकी र शिक्षा समुहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि अंग्रेजी,गणित,अर्थशास्त्र बिषयलाई प्राथमिकता दिईनेछ ।

२. प्राविधिक समुहतर्फ स्नातक तहलाई मात्र छात्रबृत्ती प्रदान गरिनेछ । तर स्टाफ नर्स ,कृषि प्राविधिक ( तिनबर्षे) र सब ईन्जिनियरमा अध्ययनरत छात्रछात्राहरुका हकमा सबैभन्दा गरीब तथा जेहेन्दारलाई प्रदान गरिनेछ ।

३. अध्ययन पश्चात गाउँपालिकालाई योगदान दिनसक्ने लाई प्राथमिकता दिईनेछ ।

४.दलित, जनजाती र महिलालाई प्राथमिकता दिईनेछ ।

५. छात्रबृत्ती एउटा तह पुरै समाप्ती सम्म दिईनेछ ।

६. एक तहमा प्रदान गरिएको छात्रबृत्ति अर्को तहमा सोही व्यक्तिलाई दिईनेछैन ।

७. दोहोरो छात्रबृत्ती दिईनेछैन ।

८.पहिलो पटक छात्रबृत्ति दिईसकेपछि दोस्रो पटकका लागि छात्रबृत्ति पाउन कम्तीमा दोस्रो श्रेणी उत्तीर्ण गरेको हुनुपर्नेछ । अन्यथा छात्रबृत्ति उपलब्ध गराईनेछैन ।

९.छात्रबृत्तीका लागि बार्षिक रुपमा एक पटक सुचना प्रकासन गरिनेछ ।

१०.छात्रबृत्ती देहायअनुसार वितरण गरिनेछ :

क) कुनैपनि विषयमा पि.एच.डी.गर्नका लागि अधिकतम तीनलाख सम्म दिईनेछ ।

ख) स्नाकोत्तर तह भरिका लागि अधिकतम एक लाख दिईनेछ ।

ग) प्राविधिक समुहलाई मात्र स्नातक तहका लागि अधिकतम एकलाखपचास हजार र स्नाकोत्तर तहका लागि दुई लाख सम्म दिईनेछ ।

घ) अन्य विषयको स्नाकोत्तर तहका लागि अधिकतम पचास हजार सम्म दिईनेछ ।

ङ) सब ईन्जिनियर वा सो सरह तहका लागि अधिकतम पचास हजार सम्म दिईनेछ, छात्रबृत्ती सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

११.छात्रबृत्ती बार्षिक रुपमा प्रत्येक तहमा एक जना छात्र र एक जना छात्रालाई दिईनेछ ।